# मानव बसाइँ सराइका सन्दर्भमा 'ब्रह्मपुत्रका छेउछाउ' उपन्यासको अध्ययन

● छत्रकुमार तामाङ

**सार** – यस शोधपत्रमा लीलबहादुर क्षेत्रीकृत **ब्रह्मपुत्रका छेउछाउ** उपन्यासलाई मानव बसाइँ सराइका सन्दर्भमा अध्ययन गरिएको छ। आर्थिक, सामाजिक, राजनैतिक उत्पीडा, युद्ध तथा प्राकृतिक प्रकोपका कारण मानिसहरू एउटा ठाउँदेखि अर्को ठाउँमा स्थायी वा अस्थायी रूपमा बसाइँ सर्ने गर्छन्। मानिसले आफ्नो पुर्ख्यौली भूमि छाडी नौलो मुलुकतिर बसाइँ सर्नामा विभिन्न आकर्षणकारी अनि विकर्षणकारी तत्त्वहरू दायी हुन्छन्। **ब्रह्मपुत्रका छेउछाउ** उपन्यासमा सामन्ती समाज, गरिबी र साहुको रिनका कारण नेपालबाट विकर्षित बनेर बसाइँ हिंडेका मानवीर र जुरेलीलाई असमेली भूमि आकर्षणको केन्द्र बनेको छ। प्रवासमा मानवीरका परिवारले गरेको जीवन सङ्घर्ष र असमेली नेपाली जनजीवनका सामाजिक अनि राजनैतिक पक्षको अध्ययन यस शोधपत्रमा गरिएको छ। असमका नेपालीहरूबिचको सौहार्द, जातीय सद्भावना अनि राष्ट्रिय चेतनाका सन्दर्भहरूबारे पनि यसमा चर्चा गरिएको छ।

**बीज शब्द** – बसाइँ सराइ, आकर्षणकारी तत्त्व, विकर्षणकारी तत्त्व, प्रस्थान बिन्दु, गन्तव्य बिन्दु, रोजगार, अवसर।

### १. प्रस्तावना

मानव सभ्यतामा बसाइँ सराइ प्राचीन अनि वैश्विक घटना हो। आर्थिक, सामाजिक, राजनैतिक

उत्पीडन, युद्ध अनि प्राकृतिक प्रकोपका कारण मानिसहरू आफ्नो पुर्ख्यौली भूमि छाडी अन्य स्थानतिर बसाइँ सर्छन्। मानव जातिले आदिम अवस्थादेखि नै गाँस, बाँस र कपासका खोजीमा एउटा स्थानदेखि अर्को स्थानमा सरिहिँड्ने गरेको पाइन्छ। त्यसैले बसाइँ सराइ मानव जातिको आदिम प्रवृत्ति पनि हो। आदिम मानिसहरूद्वारा सिकार, फल, कन्दमूल र पानीका खोजीमा गरिने बसाइँ सराइका कारण र उद्देश्य पनि मानव सभ्यतासँगै परिवर्तन हुँदै आएको पाइन्छ। औद्योगिक क्रान्ति र सहरीकरणका कारणले मानव बसाइँ सराइले अझ गति र ऊर्जा प्राप्त गरेको छ। वर्तमानमा आएर मानिसहरू व्यापार, काम धन्दा, शान्ति, सुरक्षा, आधारभूत सुविधाका खोजीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सिमानातरी बसाइँ सर्ने गर्छन्। सयुक्त राष्ट्र संघद्वारा प्रकाशित सन् २०१७ को **इन्टरनेसनल माइग्रेसन रिपोर्ट**अनुसार २५.८ करोड मानिसहरू आफ्नो देश छाडेर प्रतिवर्ष अन्य देशमा बसाइँ सर्छन् जुन सन् २०१० मा २२ करोड र सन् २००० मा १७.३ करोड थियो।[१] यसले मानव विकास, भूमण्डलीकरण, राष्ट्रिय राजनीति, लैङ्गिक अनुपात, शिक्षा, भाषा, संस्कृति आदिमा निकै प्रभाव पारेको देखिन्छ।

जन्मस्थानप्रति निकै संवेदनशील हुने भए तापनि आर्थिक, सामाजिक, राजनैतिक, जनघनत्व र भौगोलिक आदि कारणले मानिसहरू पुर्ख्यौली भूमि छाडी बसाइँ सर्छन्। अवसर, सुरक्षा र सुनिश्चित भविष्यको खोजी मानिसको प्राथमिकता हो र मानवीय गतिशीलता यसैको परिणाम हो। विशेष गरी विकसित देशहरूमा रहेका आकर्षणकारी तत्त्वहरू जस्तै रोजगारको अवसर, सञ्चार तथा यातायातको सुविधा, स्वास्थ्य तथा शिक्षा, शान्ति तथा अस्तित्व सुरक्षाका कारण तेस्रो विश्वका देशहरूबाट मानिसहरू बसाइँ सर्ने गर्छन्।

## २. मानव बसाइँ सराइको सैद्धान्तिक परिचय

बसाइँ सराइ एउटा जटिल घटना हो। मानव बसाइँ सराइका प्रसङ्गहरू रामायण, महाभारत, बाइबल तथा मानव इतिहास आदिमा पाइन्छ तर मानव बसाइँ सराइको वैज्ञानिक अध्ययन भने उन्नाइसौँ शताब्दीदेखि मात्र सुरु भएको हो। यसै शताब्दीको उत्तरार्द्धमा आएर बसाइँ सराइको सैद्धान्तिक प्रारूप तयार पार्ने काम पनि भएको हो। सन् १८८० का दशकमा ई जी रावेन्सटिनले मानव बसाइँ सराइको चर्चा पहिलोपल्ट गरेको पाइन्छ। सन् १८८० का दशकमा बेलायतमा भएको आन्तरिक बसाइँका तथ्यहरूको सङ्कलन अनि विश्लेषण गरी त्यसैका आधारमा ई जी रावेन्सटिनले सन् १९९५ मा मानव बसाइँ सराइको सिद्धान्त प्रतिपादन गरे जसलाई 'बसाइँ सराइको नियम'(ल अव् माइग्रेसन) पनि भनिन्छ।

---

१. Department of Economic and Social Affairs, United Nations, 2017, **International Migration Report 2017**, New York, United Nations, https://www.un.org/en/development/desa/population/migration/publications/migrationreport/docs/MigrationReport2017_Highlights.pdf

रावेन्सटिनले उक्त सिद्धान्तमा आर्थिक कमजोरीलाई बसाइँ सराइको मुख्य कारण मानेका छन्। विशेष गरेर मानिसहरू ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रतिर प्रायः छोटो दूरीको बसाइँ सर्न रुचाउँछन् भन्ने तिनको मान्यता रहेको छ।[२] रावेन्सटिनपछि ए एस स्टोफरको 'स्थानान्तर सिद्धान्त' (थ्योरी अव् मोबिलिटी, सन् १९४०), जोन क्यूइस्टोवर्डको 'बसाइँको गुरुत्वाकर्षण सिद्धान्त'(ग्र्याविटी मोडल थ्योरी, सन् १९५०), लुइस-फि-रेन्सको 'बसाइँ सराइको सिद्धान्त'(थ्योरी अव् माइग्रेसन, सन् १९५४), इभर्टी एस लीको 'बसाइँ सराइको सिद्धान्त'(सन् १९६६), स्टानडिङ गेको 'भौतिकवादी सिद्धान्त'(थ्योरी अव् म्याटेरियलिजम्, सन् १९८१) जस्ता सिद्धान्तहरूको प्रतिपादन भएको पाइन्छन्। बसाइँ सराइसम्बन्धी यिनै कतिपय सिद्धान्तका निचोडलाई निम्न बुँदाहरूमा राख्न सकिन्छ-

क) बसाइँ सराइ प्रायः ग्रामीण क्षेत्रबाट सहरतिर हुने गर्छ।
ख) अवसरको खोजीका निम्ति मानिसहरू प्रायः बसाइँ सर्ने गर्छन्।
ग) गन्तव्यबिन्दुको छनौटमा दूरत्वको मुख्य भूमिका रहेको हुन्छ।
घ) बसाइँ सराइमा प्रायः वयस्क उमेरकाहरू सहभागी हुन्छन्।
ङ) प्रायः पुरुषहरू अन्तराष्ट्रिय बसाइँ सर्ने गर्छन् भने महिलाहरू अन्तर्देशीय बसाइँ सर्ने गर्छन्।
च) स्थानको दूरी अनि बसाइँ सर्नेहरूको मात्राबिच विपरीत सम्बन्ध रहेको हुन्छ।

### ३. 'ब्रह्मपुत्रका छेउछाउ' उपन्यासमा मानव बसाइँ सराइको सन्दर्भ

भारतीय नेपाली साहित्यमा विशेष गरी उपन्यास लेखनमा मानव बसाइँ सराइका सन्दर्भहरू यत्रतत्र पाइने भए तापनि यसबारे अद्यापि छुटपुट रूपमा मात्र अध्ययन भएको पाइन्छ। योगेश खातीको 'भ्रमरभित्र मानव बसाइँको सन्दर्भ'[३], बासुदेव थापाका 'मानव बसाइँ सराइका सन्दर्भमा बसाइँ उपन्यास'[४] अनि समकालीन सन्दर्भमा 'मानव बसाइँ सराइ र भारतीय नेपाली उपन्यास'[५] तथा उत्पला घले सेवाको 'बिट्विन टु वर्ल्ड : अ रि-रिडिङ अव् ब्रह्मपुत्रका छेउछाउ'[६] शीर्षक अध्ययनलाई यस दिशाका प्रारम्भिक प्रयास मान्न सकिन्छ। यस सन्दर्भमा प्रस्तुत शोधपत्र लीलबहादुर क्षेत्रीकृत **ब्रह्मपुत्रका**

---

२. Mojammad Izar Hassan, 2005, **Population Geography**, Jaipur, Delhi, Rawat Publication, pp 285-286

३. योगेश खाती, सन् २०१४, 'भ्रमरभित्र मानव बसाइँको सन्दर्भ', दिलकुमार प्रधान (सम्पा), **आधुनिक भारतीय नेपाली उपन्यास**, वीरपाडा, वीरपाडा कलेज, पृ ११८-१३०

४. बासुदेव थापा, 'मानव बसाइँ सराइका सन्दर्भमा बसाइँ उपन्यास', पूर्ववत्, पृ १४१-१४७

५. बासुदेव थापा, सन् २०१६, 'समकालीन सन्दर्भमा मानव बसाइँ सराइ र भारतीय नेपाली उपन्यास', सञ्जय राई (सम्पा), **समयाङ्कन**, वर्ष २१, अङ्क ७, बनारस, भारतीय भाषा विभाग, काशी हिन्दु विश्वविद्यालय, पृ ३०-३५

६. Utapala Ghaley Sewa, 2016, 'Between Two Worlds: A Re-reading of Brahmaputraka Cheuchau', T B Subba and A C Sinha (Ed), Nepali Diaspora in Globalized Era, Delhi, Routledge, pp 188-201

**छेउछाउ** उपन्यासमा चित्रित बसाइँ सराइका सन्दर्भको विश्लेषणमा केन्द्रित छ।

लीलबहादुर क्षेत्रीकृत **ब्रह्मपुत्रका छेउछाउ** उपन्यासको मूल विषयवस्तु नै मानव बसाइँ सराइ रहेको छ। यस उपन्यासमा असमको भूमिमा पुस्तौँदेखि बसोबास गर्दै आएका नेपालीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक आदि विभिन्न पक्षहरूलाई उपन्यासमा देखाइएको छ। उपन्यासमा नेपालीहरूले भोग्दै आएका राजनैतिक समस्या, प्राकृतिक प्रकोप तथा उनीहरूले बाँच्दै आएको जीवनशैली, रहनसहनजस्ता पक्षहरूको चित्रण सजीव रूपमा भएको छ। त्यसैले **ब्रह्मपुत्रका छेउछाउ** उपन्यास असमेली नेपाली जनजीवनको चित्रणका सन्दर्भमा एउटा माइलखुट्टी प्रतीत हुन्छ। यस उपन्यासलाई कोरा भावुकताले भरिएको कृति मात्र नभएर एउटा ऐतिहासिक दस्तावेजका रूपमा लिन सकिन्छ। उपन्यासकार स्वयम्ले पनि उपन्यासभित्र उपन्यासतत्त्वभन्दा धेरै इतिहासतत्त्व रहेको कुरालाई यसरी स्वीकार गरेका छन्– ''...यस उपन्यासमा उपन्यासतत्त्वभन्दा पनि बढी इतिहासत्त्व भइदिएकाले उपन्यासको त्यो रोचकता यसमा फेला नपर्ला।''[७] विशेष गरी यस उपन्यासमा नेपालबाट बसाइँ सरेर असम पुगेका मानवीरका परिवारले नयाँ मुलुकमा भोग्नु परेका समस्याहरूलाई प्रस्तुत गरिएको छ। उपन्यासको मुख्य पात्र तथा नायक गुमाने बालक छँदा नै उसका आमा बाबु (जुरेली र मानवीर) नेपालबाट बसाइँ सरेर असम गएको घटनाबाट उपन्यासको थालनी भएको छ। बाल्यकालमै टुहुरो भएको गुमानेले प्रवासमा गर्नुपरेको सङ्घर्षका माध्यमबाट असमेली नेपालीहरूको यथार्थ जीवनलाई उपन्यासकारले प्रस्तुत गरेका छन्।

## ४. 'ब्रह्मपुत्रका छेउछाउ' उपन्यासमा आकर्षणकारी र विकर्षणकारी तत्त्व

कुनै पनि निश्चित व्यक्ति वा समूह आफ्नो पुर्ख्यौली भूमि छाडी अन्य मुलुकमा गई स्थायी वा अस्थायी रूपमा बसोबास गर्नाका मुख्य कारण आर्थिक, सामाजिक, राजनैतिक उत्पीडन, युद्ध र प्राकृतिक प्रकोपजस्ता तत्त्वहरू हुन सक्छन् जसलाई आकर्षणकारी तत्त्व र विकर्षणकारी तत्त्व भनिन्छ। आकर्षणकारी तत्त्वको सम्बन्ध गन्तव्य स्थानसँग रहेको हुन्छ भने विकर्षणकारी तत्त्वको सम्बन्ध प्रस्थान स्थानसँग रहेको हुन्छ।[८] आकर्षणकारी तत्त्वअन्तर्गत रोजगारको अवसर, खाली जमिनको उपलब्धता, धार्मिक वा सांस्कृतिक स्वतन्त्रता, स्वास्थ्य, शिक्षाजस्ता आधारभूत सुविधाहरूको अवसर, यातायात अनि सञ्चारको सुविधा, सुरक्षा तथा शान्ति आदि कुरा पर्छन्। आकर्षकारी तत्त्वले मानिसलाई आफूतिर तान्ने गर्छ। असमेली भूमिमा पाइने रोजगारको अवसर, खाली जमिन, पातलो जनसङ्ख्या, गाई भैँसी

७. लीलबहादुर क्षेत्री, वि सं २०७३, 'लेखकको केही शब्द', **ब्रह्मपुत्रका छेउछाउ**, पाँचौँ संस्करण, काठमाडौँ, साझा प्रकाशन

८. P K Majumdar, 2010, **Fundamentals of Demography**, Jaipur, Rawat Publication, p 258

पालन तथा दुधको व्यवसायजस्ता आकर्षणकारी तत्त्वहरूले नेपालबाट बिरक्तिएर बसाइँ हिँडेका मानवीरका सानो परिवारलाई आफूतिर तानेको छ। त्यसबाहेक पनि उपन्यासको नायक गुमाने कलेज पढ्नका निम्ति गुवाटी जानु, सिलाङ रोड आठ माइलमा भएको स्कुलमा शिक्षक बन्नु जस्ता घटनाहरूले गुमानेलाई शिक्षा अनि रोजगारजस्ता आकर्षणकारी तत्त्वले आफूतिर तानेको देखिन्छ।

असमका सन्दर्भमा भन्नु पर्दा त्यहाँको पातलो जनसङ्ख्या र खाली जमिनले नेपालबाट बसाइँ सर्नेहरूलाई आफूतिर आकर्षित गरेको छ। ब्रह्मपुत्र उपत्यका वरिपरिका क्षेत्रहरूमा पाइने घाँस पात, खाली जमिन, जङ्गल र पानीको सहज उपलब्धताका कारण सुरु सुरुमा असममा आइपुगेका नेपालीहरूले जीविकोपार्जनका निम्ति ब्रह्मपुत्र नदीको किनारका खाली जमिनहरूमा गाई भैँसी पालेर बसेका थिए।[९] उपन्यासमा गाई भैँसीको पालन र दुधको व्यवसायसँग उपन्यासका प्रायः नेपाली पात्रहरूको सम्बन्ध रहेको छ। डायरी महाजनले धेरै सङ्ख्यामा गाई भैँसी पालेका हुनाले गोठालो समेत राखेका छन् भने मैना सिङ्गेले आफ्नै गौचरनहरू खोलेको सन्दर्भ उपन्यासमा रहेको छ जसको कर सरकारलाई बुझाउनु पर्थ्यो। सन् १८८८ मा सरकारले त्यस गौचरनबाट भैँसीको आठ आना र गाईको चार आना गरी कर उठाउँथ्यो। तीन वर्षभन्दा ठुलो गाई भैँसी वा जुन गाई भैँसीको सिङ कानभन्दा लामो हुन्छ त्यसको कर बुझाउनु पर्थ्यो। बुढा गाई भैँसी र तीन वर्षभन्दा कम्ती उमेरका गाई भैँसीहरू करबाट मुक्त हुन्थे।[१०] उपन्यासमा देखाइएका कछुगाउँ, बागे छपडी, बयरआँटी, महखुटी, पहुमारा, मैनापाडाजस्ता स्थानहरूमा धेरैजसो गाई भैँसीका गोठहरू नेपालीहरूकै थिए र उनीहरूको मुख्य आय स्रोत भनेको नै दुधको व्यवसाय हो। डायरी महाजनलाई यिनै गौपालकहरूको प्रतिनिधि पात्र मान्न सकिन्छ। उपन्यासमा डायरी महाजन मात्र त्यस्तो नेपाली महाजन हो जसको आफ्नै गौचरन, दुधको व्यवसाय र सदियामा डायरीसम्म रहेको छ। गोठमा काम गर्नका निम्ति महाजनले मानवीर, बमबहादुर सुब्बा र नन्दलालहरूलाई गोठाला राखेका छन्। गाई भैँसी पालन अनि दुधको व्यापारका कारण ब्रह्मपुत्र उपत्यकामा नेपालबाट आउनेहरूको जनसङ्ख्या दिनदिनै बढ्न थालेको सन्दर्भ उपन्यासमा रहेको छ। अमलेन्दु गुहाअनुसार ब्रह्मपुत्र उपत्यकामा मात्रै पनि नेपालमा जन्मेका नेपालीहरूको जनसङ्ख्या सन् १९०१ मा २१००० थियो भने सन् १९३१ मा त्यो सङ्ख्या बढेर ८८००० पुगेको देखिन्छ।[११] ब्रह्मपुत्र उपत्यकामा रहेका आकर्षणकारी तत्त्वलाई यसको कारण मान्न सकिन्छ।

आकर्षणकारी तत्त्वको ठिक विपरीत विकर्षणकारी तत्त्वअन्तर्गत सामाजिक तथा आर्थिक विपन्नता,

९. D Sapkota, 2009, 'Nepali Settlement and Cattle Rearing in India's Northeast', T B Subba et al (Ed), **Indian Nepalis: Issues and Perspectives**, Delhi, Concept Publishing Company, p 214

१०. D Sapkota, 'Nepali Settlement and cattle Rearing in India's Northeast', Ibid, p 215

११. Amalendu Guha, 1977, **Planter-Raj to Swaraj Freedom Struggle and Electoral Politics in Assam**, NewDelhi, Indian Council for Historical Research, p 102

रोजगारको अभाव, राजनैतिक उतार चढाउ, प्राकृतिक प्रकोप, युद्ध तथा महामारी, बुनियादी सुविधाहरूको अभाव, बाक्लो जनसङ्ख्या इत्यादि पर्छन्। यी तत्त्वहरूले मानिसलाई आफ्नो स्थानबाट अन्यतिर ठेल्ने वा धकेल्ने प्रेरकको कार्य गर्छ। मानवीरको परिवार नेपालबाट बसाइँ आएको हुनाले नेपाल तिनीहरूका निम्ति विकर्षक स्थान हो। आर्थिक विपन्नता, साहुको रिन अनि सामन्तवादीहरूको शोषणबाट विकर्षित बनेर मुगलान पस्नु बाहेक अर्को उपाय मानवीर र जुरेलीसित थिएन। उपन्यासकार लेख्छन्– ''पैतृक सम्पत्तिको नाउँमा पाएको खेतको टुक्राबाहेक साहुको भूमि पनि यिनले जोते। त्यसमा आफ्नो पसिना बहाए। तर स्वदेशको छात्ती कोरेर जिउने यिनीहरूको प्रयास विफल भयो। गरिबीको पर्दा अझ तन्कियो। सामन्ती समाज, साहु, धनीकार, पञ्च–भलादमी, सुब्बा–मुखिया सबैजना मिलेर यस पर्दालाई चारै कुनाबाट यसरी ताने, त्यो लाबर झैँ तन्कँदै गयो, फैलँदै गयो। त्यसभित्र मानवीरको सानो परिवार अझ गुटमुटियो; श्वासै अवरुद्ध हुने गरी जेलियो। यसलाई पन्छाउने कुनै बाटो मानवीरसित रहेन। अन्तमा एक दिन, नेपाली परम्पराअनुसार आफ्ना भएका जहानसहित, सम्पूर्ण गृहस्थीको जेथा डोको र पोकामा समेटेर विदेशियो, एउटा निरुद्देश्य दिशातिर।''[१२] यस्तो स्थितिमा आफ्नो पुर्ख्यौली भूमि छाडी बसाइँ सर्ने क्रममा भारतीय भूमि तिनीहरूका निम्ति अनुकूल गन्तव्य बिन्दु प्रमाणित भएको देखिन्छ। यसै सन्दर्भलाई कथावस्तु बनाएर लेखिएको लीलबहादुर क्षेत्रीको अर्को उपन्यास हो **बसाइँ** जसमा धनेको परिवार आर्थिक विपन्नता, शोषकहरूबाट हुने मानसिक उत्पीडन र रिनका कारण आफ्नो घरबार छाडी मुगलान पसेको घटना छ। **बसाइँ** उपन्यासको अन्त्यमा धने र मैना आफ्नो दुधे बालकलाई लिएर बसाइँ हिँडेका छन् भने **ब्रह्मपुत्रका छेउछाउ**मा मानवीर र मैना आफ्नो सानो छोरासँगै उपन्यासको सुरुमै देखिएका छन्। **बसाइँ** उपन्यासका पात्रपात्रा धने, जुरेली र तिनीहरूको सानो छोरो नै **ब्रह्मपुत्रका छेउछाउ**मा देखिएका मानवीर र जुरेली अनि तिनीहरूको छोरो गुमाने हो कि जस्तो आभास हुन्छ। त्यसैले **ब्रह्मपुत्रका छेउछाउ** उपन्यास **बसाइँ** उपन्यासकै अर्को भाग हो अनि **बसाइँ** उपन्यासले पहिलेबाटै ब्रह्मपुत्रका छेउछाउ उपन्यासका निम्ति घडेरी खन्ने काम गरिसकेको थियो भन्ने विचार उत्पल घलेको 'बिट्विन टू वर्ल्ड : रि–रिडिङ अव् ब्रह्मपुत्रका छेउछाउ' शीर्षक लेखमा पाइन्छ।[१३]

कुनै पनि निश्चित स्थानमा विकर्षणकारी तत्त्वहरू मात्र नभएर आकर्षणकारी तत्त्वहरू पनि हुन्छन्। ''एउटा निश्चित व्यक्ति वा समूहका निम्ति उपयुक्त नभएको स्थान अर्को व्यक्ति वा समूहका निम्ति उपयुक्त हुन पनि सक्छ।''[१४] उपन्यासको पात्र गुमाने शिलाङ रोड आठ माइलमा शिक्षक बनेको

---

१२. लीलबहादुर क्षेत्री, वि सं२०७३, **ब्रह्मपुत्रका छेउछाउ**, पाँचौँ संस्करण, काठमाडौँ, साझा प्रकाशन, पृ ७–८

१३. Utapala Ghaley Sewa, 2016, 'Between Two Worlds: A Re-reading of Brahmaputraka Cheuchau', T B Subba and A C Sinha (Ed), Nepali Diaspora in Globalized Era, Delhi, Routledge, p 189

१४. P K Majumdar, 2010, **Fundamentals of Demography**, Jaipur, Rawat Publication, p 284

घटनालाई उदाहरणका निम्ति लिन सकिन्छ। गुमानेले त्यस स्कुलमा शिक्षक भएर जान अघि पनि एउटा शिक्षक रहेको कुरो उपन्यासको पात्र खरेल बाजेको संवादबाट थाहा लाग्छ– ''बिहारी मास्टर थियो एउटा, त्यो पनि हिँड्यो। इस्कुल त्यसै बिसम्मार छ गाँठे।''[१५] बिहारी मास्टरका निम्ति विकर्षक बनेको स्कुल गुमानेका निम्ति आकर्षणको केन्द्र बनेको छ। बिहारी मास्टर कुन कारणले स्कुलबाट विकर्षित भयो त्यो कुरो उपन्यासमा खुलेको छैन तर गुमानेलाई त्यही स्कुल आकर्षणको कारण बन्नु रोजगारको अवसर नै हो भन्ने अनुमान लाउन सकिन्छ।

### ५. 'ब्रह्मपुत्रका छेउछाउ' उपन्यासमा पाइने मानव बसाइँ सराइका प्रकारहरू

समाजशास्त्री अनि भूगोलशास्त्रीहरूले बसाइँ सराइको समय वा दूरत्व, राजनैतिक सिमाना, सहभागिता, प्रस्थान वा आगमनको स्थान र प्रकृतिका आधारमा बसाइँ सराइका विभिन्न प्रकारहरू छुट्ट्याएका छन् जसमा आन्तरिक वा बाह्य, स्थायी वा अस्थायी, व्यक्तिगत वा सामूहिक आदि प्रकारलाई बसाइँ सराइका मुख्य प्रकार मान्न सकिन्छ। ब्रह्मपुत्रका छेउछाउ उपन्यासमा बाह्य अनि स्थायी किसिमको बसाइँ सराइका प्रसङ्गहरू रहेका पाइन्छन्। मानवीर, जुरेली, गुमाने अनि बमबहादुर लिम्बूजस्ता पात्रपात्राहरू नेपालबाट बसाइँ आएको कुरो मानवीर र बमबहादुर सुब्बाबिच भएको संवादबाट यसरी थाहा पाउन सकिन्छ–

''ए मेरो त उता पूर्व पहाडतिर हो है भाइ।

होइन, पूर्व पहाडको पनि त नाउँ हुन्छ नि, कुन ठाउँ भन्नोस् न।

पाँचथर भन्छ है नाउँ त। यहाँ मुखिया भाइको पनि उतै कि?

उतै भन्दा पनि भो। तेह्रथुम हो हाम्रो चै।''[१६]

मानवीर र जुरेली, छोरो गुमानेलाई लिएर नेपाल तेह्रथुमबाट पारिवारिक बसाइँ आएका हुन् भने बमबहादुर दुई वर्ष पहिले पाँचथरबाट गाउँकै साथीहरूको समूहमा आरा काट्न भनेर आएका थिए। त्यसैले यी सबै पात्रपात्राहरूले गरेको बसाइँलाई बाह्य वा अन्तर्देशीय बसाइँ मान्न सकिन्छ।

मानवीर र जुरेलीले बाँचुन्जेल पहाड फर्कने कहिल्यै विचार गरेनन् बरु डायरी महाजनसँग छुट्टिएर अलग बस्ने निर्णय गरे। आमा बाबु दुवैको मृत्युपछि गुमानेले पनि कहिले आफ्नो पुर्खाको देश नेपाल जाने विचार गरेन। असमलाई नै आफ्नो कर्मभूमि सम्झेर समाज सेवा गरे, शिक्षकको काम गरे, युद्धमा होमिए, चुनाउमा उठे तर नेपाल जाने विचार गुमानेले कहिले गरेन। ''गुमानेको जीवन शैली, विचार अनि व्यवहारमा न खाँटी नेपालीपन देखिन्छ न त पूर्णरूपमा असमेलीपन नै झल्कन्छ, यद्यपि उनको

१५. लीलबहादुर क्षेत्री, वि सं २०७३, **ब्रह्मपुत्रका छेउछाउ**, पाँचौं संस्करण, काठमाडौं, साझा प्रकाशन, पृ ७८

१६. लीलबहादुर क्षेत्री, वि सं२०७३, **ब्रह्मपुत्रका छेउछाउ**, पूर्ववत्, पृ १७

व्यक्तित्वमा देखिने आसामे नेपालीपनका कारण गुमानेलाई उपन्यासमा एक असमी नेपाली पात्रका रूपमा पाउन सकिन्छ।''[१७] तर उपन्यासको अर्को पात्र बमबहादुर सुब्बा भने नेपाल फर्केको अनुमान गर्न सकिन्छ किनभने एक दिन सुब्बालाई आफ्नो ओछयानमा नभेटिएको कुरो नन्दलालको संवादबाट थाहा पाउन सकिन्छ– ''सुब्बा दाइ त ओछयानमा छैनन् त, यता उँधो पनि कतै देखिँदैनन् कता हिँडेछन्?[१८] यसबाहेक पनि बमबहादुर सुब्बाले आफू घर फर्कने निर्णय लिएको कुरो उनकै संवादबाट थाहा पाउन सकिन्छ। ''म त घर नगई छोड्दैन है अब त। तपाईँले मेरो हिसाप दिन्छ भने पनि जान्छ, दिन्न भने पनि पो जान्छ है म त।...मेरो त सपनाले पनि घरमा राम्रो छैन पो भन्छ।''[१९]

मानवीरको परिवारको बसाइँ सराइलाई स्थायी प्रकारको मान्न सकिन्छ भने बमबहादुर सुब्बाको बसाइँलाई अस्थायी मान्न सकिन्छ। यसबाहेक शिलाङ रोड आठ माइलमा गोठ राखेर बसेका गौपालकहरू पश्चिम नेपालबाट आएका भएपनि स्थायित्वको भावना भने उनीहरूमा नरहेको कुरो यस कथनबाट पुष्ट हुन्छ– ''यहाँका यी गोपालकहरू प्रायः पश्चिम नेपालबाट आउने छन्। कसैको मनमा स्थायी भावना छैन। सबै आफूलाई यहाँ दुई दिनको बजार गर्न आएका सम्झन्छन्।''[२०] त्यसैले यी गौपालकहरूको बसाइँ पनि अस्थायी किसिमको हो। डायरी महाजनको परिवार, देवीदत्त खरेलको परिवार, जयप्रसाद सुब्बा, नन्दलाल, घोर्सानि काइँलाहरू असममा दुई तीन पुस्तादेखि बस्दै आएका नेपालीहरूका प्रतिनिधि पात्रहरू हुन् जसको कथा मानवीरको परिवारभन्दा बेग्लै किसिमको रहेको छ।

### ७. 'ब्रह्मपुत्रका छेउछाउ' उपन्यासमा मानव बसाइँ सराइ र त्यसका समाज–राजनैतिक पक्ष

सुरुमा भारतमा आएर बसेका नेपालीहरूमा राष्ट्रियताको भावना न नेपालका सन्दर्भमा पाइन्थ्यो न त भारतका सन्दर्भमा नै पाइन्थ्यो।[२१] नेपालका राणा र साहुहरूको शोषणबाट मुक्ति हुन पाउँदा उनीहरू आफैलाई स्वतन्त्र ठान्थे। नेपालीहरू नेपालका एउटै क्षेत्रबाट आएका होइनन्, विभिन्न समाज र संस्कृतिमा हुर्केकाहरू भारतीय भूमिमा बसोबास गर्न थालेपछि नेपालको समाजभन्दा अलग किसिमको समाज निर्माण भएको देखिन्छ। जुन समाजको सम्बन्ध कालान्तरमा भारतीय अन्य जाति र समाजसँग बढ्दै गयो, फलस्वरूप समाजबाट छुवाछुतको भावना हट्न थाल्यो, अन्तरजातीय विवाहहरू हुन थाले (नेपालीकै विभिन्न उपजातिहरू बिच पनि), नारीहरूले कतिपय सामाजिक रूढि परम्पराहरूबाट मुक्ति पाए। उपन्यासमै पनि असमेली संस्कार संस्कृति, रीतिथितिका कारण त्यहाँका नेपाली जनजीवन

१७. Utapala Ghaley Sewa, 'Between Two Worlds: A Re-reading of Brahmaputraka Cheuchau', Ibid, p 122

१८. लीलबहादुर क्षेत्री, वि सं २०७३, **ब्रह्मपुत्रका छेउछाउ**, पाँचौं संस्करण, काठमाडौँ, साझा प्रकाशन, पृ २४

१९. लीलबहादुर क्षेत्री, वि सं २०७३, **ब्रह्मपुत्रका छेउछाउ**, पूर्ववत्, पृ २३

२०. लीलबहादुर क्षेत्री, वि सं २०७३, **ब्रह्मपुत्रका छेउछाउ**, पूर्ववत्, पृ ८०

२१. कुमार प्रधान, वि सं २०६६, , **पहिलो पहर**, दोस्रो संस्करण, काठमाडौँ, साझा प्रकाशन, पृ १९

प्रभावित रहेको कुरो उपन्यासबाट यसरी थाहा पाउन सकिन्छ– ''...उनीहरू डाङ्गरियाको पूजा वा भाङ्ग पूजा पनि गर्छन्। यो वास्तवमा शिवजीकै पूजा हो जसको चलन असमेली गाउँहरूमा पाइन्छ।''[२२] यस उपन्यासका पात्र केशव काकती र मानवीरबिचको सम्बन्ध, गुमाने र टोपे मास्टरबिचको सम्बन्ध, मानवीरको मृत्युपछि टुहुरो गुमानेलाई केशव काकतीले छोरासमान पालेको घटना, गुमाने र मालतीबिचको प्रेमलाई यसैको उपज मान्न सकिन्छ। केशव काकती र डायरी महाजनबिचको सम्बन्धलाई उपन्यासमा यसरी देखाएका छन्– ''काकतीबाबु नेपालीहरूलाई हृदयबाटै मन पराउँछन्। बेलाबेला उनी कछुगाउँ महाजनका घर पनि आइरहन्छन्। महाजन र उनको धेरै अघिबाटै पारिवारिक परिचय छ। माघ बिहुमा महाजनको घरबाट काकती बाबुकहाँ क्रिम र दही जान्छ अनि काकतीबाबुको घरबाट तानमा बुनेको फूलम गामचा महाजनकहाँ कोसेली आउँछ।''[२३] आफ्नो छोरी मालती र गुमानेबिचको प्रेमलाई लिएर केशव काकतीले कुनै प्रकारको विरोध गरेको देखिँदैन। यस कुराले पनि असमेली अनि नेपालीहरूमाझ देखिने सामाजिक, सांस्कृतिक अनि धार्मिक सौहार्दलाई सङ्केत गरेको छ।

भारतीय स्वतन्त्रता सङ्ग्रामकै कारण असमका नेपालीहरूमा जातीयताको भावना र राजनैतिक चेतना पलाएको देखिन्छ। नेपाललगायत भारतका विभिन्न स्थानहरूमा छरिएर बसेका नेपालीहरूको मस्तिष्कमा जातीयताको भावना नेपालबाहिर भारतमा दार्जिलिङको चिया बगानमा टुसाएको हो।[२४] नेपालका पहाडी क्षेत्रबाट बसाइँ सरेर असम आएका नेपालीहरू आफूलाई भारतीय नागरिक नै सम्झन्थे। भारतीय स्वतन्त्रता सङ्ग्राममा असमका नेपालीहरूले पुऱ्याएको सहयोगलाई यस कुराको उदाहरण मान्न सकिन्छ। यस सन्दर्भको उल्लेख उपन्यासमा पनि भएको छ। असमेली नेपालीहरूमा आएको राजनैतिक चेतनाको उदाहरण सन् १९४६ को चुनाउमा डिग्बोई समष्टिबाट चुनाउ जितेर दलवीर लोहार असम विधानसभाका पहिलो नेपालीभाषी सदस्य बनेको घटनाबाट थाहा पाउन सकिन्छ।[२५] त्यसबाहेक सन् १९५२ को लोकसभा चुनाउमा दलबीरसिंह लोहार गणतन्त्र भारतको पहिलो नेपाली सांसद भएको ऐतिहासिक घटना र सन् १९६२ र १९६७ को विधानसभा चुनाउमा विष्णुलाल उपाध्याय गहपुरबाट विधानसभाको सदस्य बनेको कुरो पनि उपन्यासमा उल्लेख गरिएको छ। उपन्यासका नायक गुमाने स्वयम् सन् १९६७ को चुनाउमा स्वतन्त्र प्रार्थीका रूपमा महखुट्टी समष्टिबाट उठेको पाइन्छ। उनको सहयोगमा हेडमास्टर, टोपे मास्टर, मालती अघि आएका छन्। प्रचार प्रसारको समय मैनापाडा, मछुवापाडा, छपडी, पहुमारा लगायत चिया श्रमिकहरूको भोट गुमानेले पाउने सम्भावना देखिए पनि डायरी महाजन,

२२. लीलबहादुर क्षेत्री, वि सं२०७३, **ब्रह्मपुत्रका छेउछाउ**, पाँचौं संस्करण, काठमाडौँ, साझा प्रकाशन, पृ ४९

२३. लीलबहादुर क्षेत्री, **ब्रह्मपुत्रका छेउछाउ**, पूर्ववत्, पृ १४५

२४. Rajendra P Dhakal, 2017, 'The Indian Gorkhas: Changing Orientation of Diasporic Society'. T B Subba and A C Sinha (Ed), **Nepali Diaspora in Globalized Era**, Ibid, p 96

२५. लीलबहादुर क्षेत्री, वि सं २०७३, **ब्रह्मपुत्रका छेउछाउ**, पाँचौं संस्करण, काठमाडौँ, साझा प्रकाशन, पृ १४५

हरेन अनि उत्तम बसुमतारीको अगणतान्त्रिक राजनीतिको कारण गुमानेले चुनाउ हार्नु परेको छ। यसरी राष्ट्रिय राजनीतिमा नेपालीहरूले जनाएको सहभागितालाई उपन्यासमा देखाएर नेपालीहरूले देशको विकासमा पुऱ्याएको योगदानलाई उपन्यासकारले उजागर गर्न चाहेका छन्।

इतिहासको कुनै कालखण्डमा नेपालबाट बसाइँ सरेर आएको भए पनि भारतीय नेपालीहरू नेपाली डायस्पोराका अङ्ग होइनन्। किनभने भारतमा पुस्तौँदेखि बसोबास गर्दै आएका नेपालीहरूमा नेपालको राजनैतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक विषयलाई लिएर कुनै प्रकारको सामूहिक वा व्यक्तिगत डायस्पोरिक भावना वा चेतनाको विकास भएको देखिँदैन। भारतको राष्ट्रिय राजनीति, नागरिक समाज, आर्थिक तथा धार्मिक सङ्घ संस्थाहरूमा हुने नेपालीहरूको उपस्थितिलाई भारतीयहरूले कुनै प्रकारको विरोध नगर्नु यसका मुख्य कारणहरू हुन् ।

**८. उपसंहार**

नेपाल र भारतबिच रहेको खुल्ला सिमाना, सुगौली सन्धि, अङ्ग्रेजी सेनामा गोर्खाहरूको भर्ना र भौगोलिक स्थितिका कारण नेपालीहरू नेपाल छाडेर असम, दार्जिलिङ, सिक्किम, देहरादुनजस्ता स्थानहरूमा बसाइँ आएका हुन्। विशेष गरी अङ्ग्रेजी उपनिवेशकालमा सडक बनाउन, जङ्गल फाँड्न, चियाको खेती गर्न नेपालबाट धेरै सङ्ख्यामा नेपाली कुल्लीहरू भारतका उत्तरपूर्वीय अञ्चलहरूमा आएको देखिन्छ। यसबाहेक कतिपय मानिसहरू आर्थिक कमजोरी, सामाजिक शोषण, धार्मिक उत्पीडन, जातीय भेदभाव आदिका कारण पनि आफ्नो पुर्ख्यौली भूमि छाड्न बाध्य भई मुगलान बसाइँ आएको पाइन्छ। यस्तै आर्थिक अनि सामाजिक उत्पीडनका कारण विकर्षित बनेर मुगलान पस्न बाध्य बनेका मानवीर, जुरेली र गुमानेको सङ्घर्षपूर्ण कथा **ब्रह्मपुत्रका छेउछाउ** उपन्यासमा पाइन्छ। प्राणीले बाँच्नका निम्ति सङ्घर्ष गर्नैपर्छ भन्ने डार्विनको सिद्धान्त उपन्यासको नायक गुमानेको जीवनमा चरितार्थ छ। सम्पूर्ण उपन्यासको कथा गुमानेकै वरिपरि घुमाएर गुमानेलाई मियो बनाउन चाहे पनि गुमाने स्वयम्लाई भने उपन्यासकारले एउटै स्थानमा स्थिर राख्न चाहेका छैनन्। नेपालमा जन्मेको गुमाने असम आएपछि उसको बाल्यकाल महाजनको गोठमा बित्यो। आमा बाबुको मृत्युपछि पहिले केशव काकती र त्यसपछि टोपे मास्टरकहाँ बस्न थाल्यो। स्कुल सकिए पछि कलेज पढ्न भनेर गुवाटी गएर त्यहाँ शिक्षक भएर काम गऱ्यो। त्यहाँबाट फेरि सदिया गएर सेनामा भर्ना भई युद्ध लड्यो अनि अन्त्यमा फेरि टोपे मास्टरकै घर आइपुगेको देखिन्छ। उपन्यासभरि गुमानेको कुनै निश्चित ठेगाना पाइँदैन। वास्तवमा भारतीय नेपालीहरूले समाज र राष्ट्रको निर्माणमा ठुलो योगदान पुऱ्याए पनि भारतमा नेपालीहरूको अझसम्म कुनै राजनैतिक ठेगाना छैन भन्ने कुरो देखाउनकै निम्ति क्षेत्रीले यस्तो पात्रको निर्माण गरेका हुन् भन्न सकिन्छ।